नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५ – ९१
चलानी नं. : ३४६

## प्रेश विज्ञप्ति

धितोपत्र सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा सम्वन्धी कार्य संचालन निर्देशिका, २०७४ को अधिनमा रही सि-आस्वा प्रणालीको अनिवार्य कार्यान्वयन मिति २०७४ माघ ९ गते देखि गरिएकोमा नेपाल धितोपत्र बोर्डको निर्देशानुसार उक्त समयावधि एक महिनाको लागि थप गरी मिति २०७४ फाल्गुण ११ गतेदेखि अनिवार्य रुपमा लागू गरिएको व्यहोरा सम्बन्धित सबै पक्षहरुलाई विदितै छ ।

सि-आस्वाको पूर्ण रुपमा कार्यान्वयन भए संगै सार्वजनिक निष्काशनमा खरिद आवेदन गर्न चाहने लगानीकर्ताले आवेदन गर्नु पुर्व आफ्नो बैंक खाता रहेको बैंक तथा वित्तीय संस्थामा उपस्थित भई सि-आस्वा रजिष्ट्रेशन नम्बर (CRN) लिनु पर्ने हुन्छ । बैक तथा बित्तिय संस्था वाट सिआरएन प्राप्त गरिसकेका लगानीकर्ताहरुले कुनै पनि कम्पनीको धितोपत्रको सार्वजानिक निष्काशन हुँदा यस लि. ले तयार गरेको अनलाईन सफ्टवेयर **मेरो शेयर** मार्फत घरमै बसेर वा आफ्नो खाता रहेको बैक तथा वित्तिय संस्थाको कुनैपनि शाखामा उपस्थित भई फारम भरेर आवेदन गर्न सकिन्छ । लगानीकर्ताले **मेरो शेयर**को सुविधा प्राप्त गर्न आफ्नो डिम्याट खाता रहेको निक्षेप सदस्यलाई सम्पर्क गर्नु पर्छ ।

हाल सम्म सि-आस्वा प्रणालीमा आवद्ध भएका ६२ वटा बैक तथा बित्तिय संस्था मार्फत सिआरएन नंम्बर लिने लगानीकर्ताको संख्या ३,४६,२५० रहेको छ । छयाङदी हाईड्रोपावरको प्राथमिक निष्काशन संगै बिभिन्न बैक तथा बित्तिय संस्था मार्फत परिक्षणको रुपमा सुरुवात गरिएको यस प्रणालीमा हाल सम्म ३४ वटा कम्पनीको सार्वजनिक निष्काशनका लागि ५,७९,८५६ वटा खरिद आवेदन प्रविष्टी भैसकेका छन् । उक्त आवेदन १४ वटा प्राथमिक निष्काशन, ४ वटा थप निष्काशन र १६ वटा हकप्रदका लागि जम्मा रु १०,०३,९९,५७,७०० बराबरको कुल १८,६९,६८,२६७ कित्ता शेयर खरिदका लागि गरिएको हो । यस मध्ये १,८५,७३,३४९ कित्ताका लागि जम्मा रु ७४,५०,९०,७१० बराबरको ८०,९४७ वटा आवेदन **मेरो शेयर** मार्फत गरिएको हो । हाल सम्म मेरो शेयर सेवा प्रयोग गर्ने प्रयोगकर्ताको संख्या १,७२,८७६ रहेको छ ।

सम्पूर्ण धितोपत्रको निष्काशन तथा बाँडफाँट प्रक्रिया अभौतिक रुपमा र आस्वा प्रणाली अन्तर्गत नै हुर्ने ब्यबस्थालाई अनुशरण गदै संरक्षित प्रकारका निष्काशनमा समेत सो ब्यबस्था लागु गर्ने योजना अनुरुप यहि मिति २०७४।११।११ गते देखि सान्जेन जलबिद्युत कम्पनी र रसुवागढी हाइड्रोपावर कम्पनीले कर्मचारी संचयकोषका संचयकर्ताको लागि जारी गरेको निष्काशन समेत यसै प्रणाली अन्तर्गत गरिएको छ ।

निश्चित आय भएका सर्वसाधारण लाई मात्र जारी गरिएको यस क़िसिमको निष्काशनमा डिम्याट खाता खोलेर आफ्नो बैंक खातामानै रहेको रकमको सदुपयोग गरि विना झन्झट सेयर आवेदन दिने बातावरण तयार गरिदिदा ठुलो संख्यामा रहेको यस बर्गलाई पूजीबजारमा सहज रुपमा प्रवेश गर्न सहयोग हुने यस लि. को दृढ विश्वास रहेको छ । उल्लेखित कम्पनीको शेयर जारी हुने मिति नजिकिदै गर्दाका दिन देखि हालसम्म खुलेका नयाँ हितग्राहि खाताको संख्याले समेत यस बिश्वास लाई सहि सावित गरेको छ । गत फाल्गुण ११ गते देखि हाल सम्म दैनिक सरदरमा ५,५०० वटा नया हितग्राहि खाताहरु खोलिएका छन् । हालसम्म ११,२४,५७१ हितग्राहि खाता खोलीएकोमा ५५,३४५ खाता फाल्गुण ११ गते पछि खोलिएका हुन् ।

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com

पत्र संख्या : २०७४/७५ –९९
चलानी नं. : ३८६

यसरी सि-आस्बामा आबद्ध भएका उक्त बर्गका लगानीकर्ताले हाल प्राप्तगरेको नविनतम सुविधाको उच्चतम उपभोग गरि पूजी बजारमा सहभागिता जनाउनेछन् भन्नेमा यस लि. विश्वस्त रहेको छ ।

नेपालको पूँजी बजारमा अत्याधुनीक प्रविधिको प्रयोग गर्दै सम्पूर्ण पूँजी बजारलाई पूर्ण स्वचालीत बनाउने गुरुयोजना लाई साकार पार्ने उद्देश्य सहित यस लि. ले सि-आस्बा प्रणालीको बिकास गरेको हो । सि-आस्बा को कार्यान्वयन सगै अब उप्रान्त लगानीकर्ताले सार्वजानिक निष्काशन मार्फत जारि गरिएका शेयर खरिदका लागि घण्टौ लाईनमा बसेर आवेदन दिई बाँडफाटका लागि महिनौ कुर्नुपर्ने छैन । आवेदकले घरमै बसेर आफ्नो बैक खातामा रहेको रकमको सदुपयोग गरि निष्काशन भएका धितोपत्रका लागि खरिद आवेदन दिन सक्ने भएका छन् भने यसरी आवेदन गरिएको शेयर को बाँडफाँट समेत केहि दिन भित्रै, अझ भनौं निष्काशन बन्द भएको केहि घण्टामा नै गर्नका लागि सम्भब भएको छ ।

सि-आस्बाको कार्यान्वयन भए संगै आरम्भ माईक्रोफाइनान्स बित्तिय संस्था लिमिटेडले मिति २०७४।११।१५ गते देखि २०७४।११।२१ गते सम्म प्राथमिक शेयर निष्काशन गरेको थियो । उक्त निष्काशनमा ६० वटा बैक तथा बित्तिय संस्था मार्फत १,१८,७८,७५० कित्ता शेयर खरिदका लागि रु १,१८,७८,७५,००० बराबरको १,८६,०३८ वटा आवेदन प्राप्त भएका छन् । यस मध्ये २६,१४,८८० कित्ता शेयर खरिदका लागि रु २६,१४,८८,००० बराबरको ४३,४५६ वटा आबेदन मेरो शेयर मार्फत प्राप्त भएको हो । यसमध्ये एक भन्दा बढि डिम्याट खाता प्रयोग गरि आवेदन गरिएका ३८५ वटा आवेदन रद्ध भएका छन् । सि-आस्बाको कार्यान्यन संगै कुनै पनि सार्वजनिक निष्काशन बन्द भएको दोश्रो दिनमानै यसरी आवेदन सम्बन्धी बिबरण लाई अन्तिम रुप दिन सम्भब भएको छ ।

सम्पूर्ण खरिद आवेदनहरुको छानविन गरि निष्काशन तथा बिक्रि प्रबन्धक एनआईसी एसिया क्यपिटल लि. लाई हस्तान्तरण भैसकेको अबस्थामा नेपाल धितोपत्र बोर्डको स्विकृतिमा आजकै मितिमा यस आरम्भ माईकोफाइनान्स बित्तिय संस्था लिमिटेडको शेयर बाँडफाँट गर्न लागिएको जानकारी गराउदछौं । नेपालको पूँजी बजारको इतिहासमा पहिलो पटक सार्वजनिक निष्काशन बन्द भएको ३७ घण्टा भित्र लगानीकर्ताहरुलाई बाँडफाँट गर्न सम्भब भएको छ र यस संगै नेपालको पूँजी बजार नया युगमा प्रवेश गरेको छ ।

नेपाल धितोपत्र बोर्ड र सम्बन्धित निकायहरुको सहयोगबाट प्राथमिक सार्वजनिक निष्काशनमा ४५ दिन भन्दा बढी लाग्ने निष्काशन तथा बाँडफाँट प्रक्रिया यति छोटो समयमा नै समापन गरिनु नेपालको पूँजी बजारको महत्वपुर्ण सफलता हो । यस सहयोगका लागि नेपाल धितोपत्र बोर्ड लगायत सम्बन्धित निकायहरुमा सिडिएस एण्ड क्लियरिङ्ग लि. हार्दीक आभार व्यक्त गर्दै पूँजीबजारको थप बिकासका लागि आगामी दिनहरुमा पनि यस किसिमको सहयोग तथा हौसला प्राप्त हुनेछ भन्नेमा यस लि पूर्ण विश्वस्त रहेको छ ।

पूर्ण रुपमा कार्यान्वयन भएको पहिलो हप्तामानै जारी भएको निष्काशनमान उत्साहजनक संख्यामा लगानीकर्ताले सहभागिता जनाई आवेदन प्रदान गर्नुभएकोमा सम्पूर्ण लगानीकर्तालाई हार्दीक धन्यबाद दिदै

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५ -११
चलानी नं. : ३४६

सि-आस्बामा आवद्ध नभैसकेका लगानीकर्तालाई यथाशीघ्र आफ्नो खाता रहेको बैकमा उपस्थीत भई सिआरएन नम्बर लिई लाभान्वित हुनुहुन यसै प्रेस विज्ञप्ती मार्फत आग्रह गरिन्छ ।

मिति : २०७४।११।२३

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com